नेपाल गजेट

भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं चैत्र ५ गते २०१२ साल

अर्थमन्त्रालयको सूचना

निम्नलिखित बेहोरा सर्वसाधारणलाई ज्ञात होस् भन्नानिमित्त यो सूचना प्रकाश गरिएको छ।

(१) नेपाल राष्ट्र बैंकको काठमाडौं बैंकिङ्ग अफिसको क्यासियर पदमा २०१२ साल भाद्र २८ गतेदेखि श्री विलायतमानसिंह मास्के नियुक्त हुनुभएको छ।

(२) नेपाल राष्ट्र बैंकमा दाखिल हुन आउने रुपैयाँ बुझी भरपाई गरी दिनेमा मेनेजर एकाउण्टेन्ट र क्यासियरको दस्तखत गर्नुपर्नेमा एकाउण्टेन्टले सो बमोजिम गरी रहन नभ्याएकोले १२।१।०१३ देखि मेनेजर र एकाउण्टेन्ट वा सब-एकाउण्टेन्ट मध्ये एकको सहिछाप र क्यासियर पद नियुक्ति भएको ०१३।१।२८ देखि मेनेजर क्यासियर र एकाउण्टेन्ट वा सब-एकाउण्टेन्ट मध्ये एकको सहि निस्सा गरिने भएको छ।

आज्ञाले—
नीरराज,
सेक्रेटरी-अर्थमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

552

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।